का.जि.प्र.का.द.नं. १००/०५९/६०

२२ भदौ २०८१,
शनिबार
7 September, 2024
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक २०७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



हरितालिका तिज पर्वका अवसरमा आज काठमाडौँको पशुपतिनाथ मन्दिरमा भगवान् शिवको पूजा आराधना एवम् दर्शन गर्न आउँदै वृद्धा । तस्बिर:प्रदीपराज वन्त/रासस

## निर्मला कुर्मीप्रति राज्य अनुदार

२०७५ सालमा बेपत्ता भएकी बाँकेकी निर्मला कुर्मीको अझै पत्ता लाग्न सकेको छैन । पीडितहरूले विगत ६ वर्षदेखि निरन्तर आन्दोलन गर्दै आएका छन् । तर पनि राज्य अनुदार हुँदा यो विषय अनुसन्धानमा अघि बढ्न सकेको छैन ।

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, २१ भदौ ।

निर्मला कुर्मीलाई न्याय माग्दै काठमाडौंको माइतीघरमा प्रदर्शन गर्ने आठ जना पक्राउ परेका छन् ।

शुक्रबार माइतीघर मण्डलाबाट मार्च गर्दै जिल्ला अदालतबाट सिंहदबार क्षेत्र प्रवेश गर्न खोजेका रुबी खानसहित ८ जनालाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

कुर्मीको हत्या भएको पीडितहरूले आरोप लगाउँदै आएका छन् । अभियन्ताहरूले कुर्मीको हत्या भएको र हत्याका मुख्य आरोपी बादशाह कुर्मी रहेको आरोप लगाउने गरेका छन् । उनै बादशाहलाई प्रदेशमन्त्री बनाएको विरोधमा तिजको दिनमा माइतीघर मण्डलाबाट मार्च गर्दै जिल्ला अदालतबाट सिंहदबार क्षेत्र प्रवेश गर्न खोज्दा उनीहरू पक्राउ परेका हुन् ।



कुर्मीको मुद्दा अदालत पठाउन पटक-पटक सरकारले सहमति गरे पनि मुख्य अभियुक्तलाई नै प्रदेशमन्त्री बनाई सत्ताधारी पार्टीले संरक्षण गरेको पीडित पक्षको आरोप छ ।

पीडित पक्षले यसअघि पनि पटक-पटक आन्दोलन गरेका छन् ।

यसअघि युथ एडभोकेसी नेपालको आयोजनामा ९ वटा बृहत् नागरिक समूहले सरकारविरुद्ध माइतीघर मण्डलादेखि बालुवाटारसम्म पैदल मार्च गरेका थिए ।

बाँकेको नेपालगञ्ज-१७ की निर्मलाका श्रीमान्को २०६२ मा मृत्यु भएको थियो ।

श्रीमान्को मृत्युको चार वर्षपछि २०६६ मंसिरमा कुर्मीका दुई छोराको १० दिनको अन्तरालमा रहस्यमय तवरमा मृत्यु भएको थियो ।

श्रीमान् र छोराको मृत्युपछि कुर्मीको घरजग्गा सुरक्षित राखिदिन्छु भन्दै बादशाह कुर्मीले लालपूर्जा र निर्मलाको नागरिकता लिएको आरोप पीडित पक्षको छ ।

त्यसपछि २०७५ सालमा निर्मला बेपत्ता भएकी थिइन् ।

त्यसबेला अपहरण पछि कुर्मीको हत्या गरेको पीडित पक्षको भनाइ रहेको छ । पीडितहरूले हत्यामा संलग्न रहेको आरोप लगाएका बादशाह नेपाली कांग्रेसका नेतासमेत हुन् । बादशाह कुर्मीविरुद्ध उजुर ीसमेत परेको छ ।

अधिकारकर्मी रुबी खानसहितले निर्मला कुर्मीले न्याय पाउनुपर्ने मागसहित ०७८ >>> पृष्ठ २ मा

## समायोजनमा गएका कर्मचारीलाई संघमा फर्काउन चलखेल

नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी, जनमत पार्टी, राप्रपासहितका दलले समायोजन भएर प्रदेश र स्थानीय तहमा गएका निजामती कर्मचारीलाई संघमा फर्किन पाउने प्रावधानका लागि दबाब बढाएका हुन् । यसका लागि उनीहरूले निजामती विधेयकमा संशोधनसमेत हालेका छन् ।





संघीय निजामती सेवामा बहाल रहेका कर्मचारी र कर्मचारी समायोजन ऐन २०७५ बमोजिम प्रदेश निजामती सेवा वा स्थानीय सेवाको पदमा समायोजन भएका कर्मचारीहरूले पुन: समायोजन संशोधन हुन चाहेमा इच्छुक कर्मचारीहरूलाई संघ, प्रदेश र स्थानीय तहको पदमा एक पटकका लागि समायोजन संशोधनको अवसर दिन सकिन्छ ।

■ **सुशीला थिङ**
**सचेतक, कांग्रेस संसदीय दल**



कर्मचारी समायोजनसम्बन्धी संघीय कानूनबमोजिम प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका वा समायोजन संशोधन वा मिलान गर्दा प्रदेश वा स्थानीय तहमा समायोजन भएका साविकका निजामती सेवाका कर्मचारीलाई तोकिएबमोजिम एक पटकका लागि समायोजन संशोधनको व्यवस्था गर्न सकिन्छ ।

■ **अमनलाल मोदी**
**पूर्वमन्त्री, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २१ भदौ ।

समायोजन भएर प्रदेश र स्थानीय तहमा गएका निजामती कर्मचारीलाई संघमा फर्काउने प्रयास भएको छ । यसका लागि सरोकारवाला पक्षले राजनीतिक दलहरूमाथि दबाब बढाएका छन् ।

'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' माथि प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिले छलफल अगाडि बढाएसँगै समायोजनमा गएका र असन्तुष्ट भएका कर्मचारीहरूले राजनीतिक दलहरूमाथि समेत दबाब बढाएका छन् ।

२०८० साल फागुन २१ गते दर्ता भएको विधेयकमा राज्य व्यवस्था समितिले सैद्धान्तिक छलफल सकाएको छ ।

समिति सभापति रामहरि खतिवडाका अब सरोकारवाला र संसोधनकर्ता सांसदहरुसंग छलफल हुनेछ । संघीय निजामती सेवासम्बन्धी विधेयकमा एक हजार ५८३ वटा संशोधन परेको छ । १२४ समूहमा सांसदहरुले एक हजार ५८३ वटा संशोधन प्रस्ताव दर्ता गरेका हुन् ।

२०७५ सालमा प्रतिनिधि सभामा दर्ता भएको संघीय निजामती सेवा विधेयक २०७८ साल असोजमा सरकारले फिर्ता गरेको थियो । त्यसपछि प्रतिनिधि सभाको अघिल्लो कार्यकालमा संसदमा विधेयक नै आउन सकेको थिएन । त्यसबेला पनि समायोजनमा गएका कर्मचारीहरूको असन्तुष्टि सार्वजनिक भएका थिए । यसपटक भने राजनीतिक दलहरूले नै पनि सम्बोधन गर्नुपर्ने मत राखेका छन् ।

नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी, जनमत पार्टी, राप्रपा सहितका दलले समायोजन भएर प्रदेश र स्थानीय तहमा गएका निजामती कर्मचारीलाई संघमा फर्किन पाउने प्रावधानका लागि दबाब बढाएका हुन् । यसका लागि उनीहरूले निजामती विधेयकमा संशोधन समेत हालेका छन् ।

कांग्रेस संसदीय दलकी सचेतक शुशिला थिङ्सहितका सांसदहरू मैना कार्की, रामकृष्ण यादव र माया राईले एउटा समूहमा यस्तो संशोधन प्रस्ताव गरेका छन् ।

'यो ऐन प्रारम्भ हुँदाका बखत संघीय निजामती सेवामा बहाल रहेका कर्मचारी र कर्मचारी समायोजन ऐन २०७५ बमोजिम प्रदेश निजामती सेवा वा स्थानीय सेवाको पदमा समायोजन भएका कर्मचारीहरूले पुन: समायोजन संशोधन हुन चाहेमा इच्छुक कर्मचारीहरूलाई संघ, प्रदेश र स्थानीय तहको पदमा एक पटकको लागि समायोजन संशोधनको अवसर दिइनेछ' उनीहरूको प्रस्तावमा उल्लेख छ ।

यही व्यवस्थाका लागि नेकपा एमालेका सांसदहरू लाल प्रसाद साँवा लिम्बु, रामशंकर यादव, गंगा प्रसाद यादवले पनि समूहमै संशोधन प्रस्ताव हालेका छन् ।

प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्रका सांसद अमनलाल मोदी र सुदन किराँतीले पनि एक पटक समायोजन संशोधन गर्न चाहने निजामती कर्मचारीलाई एक पटक अवसर दिइनुपर्ने प्रस्ताव राखेका छन् ।

'कर्मचारी समायोजन सम्बन्धी संघीय कानून बमोजिम प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका वा समायोजन संशोधन वा मिलान गर्दा प्रदेश वा स्थानीय तहमा >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### क्याबिनेटबाट श्रममन्त्री भण्डारीको जापान भ्रमण स्वीकृत

## अवसर पाएर पनि लाभ लिन नसकिएको जापान रोजगारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ भदौ

मन्त्रिपरिषद् बैठकले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीको जापान भ्रमण स्वीकृत गरेको छ । बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले मन्त्री भण्डारीको जापान भ्रमण स्वीकृत गरेको हो । जापानको टोकियोमा आगामी ३ असोजमा जापान-नेपाल रोजगार सम्मेलन आयोजना हुँदै छ । उक्त सम्मेलनमा भाग लिन मन्त्री भण्डारी जापान जान लागेका हुन् ।

नेपाली दूतावास, टोकियो र जापान एशोसिएसन फर द इम्प्लोइमेन्ट अफ फरेन नेशनलको संयुक्त आयोजनामा जापानको टोकियोमा उक्त सम्मेलन हुने छ । उक्त सम्मेलनमा मन्त्री भण्डारीलाई प्रमुख अतिथि तथा प्रमुख वक्ताको रुपमा सहभागिताका लागि आमन्त्रित गरिएको मन्त्री भण्डारीको निजी सचिवालयले बताएको छ ।

जापानमा नेपाली कामदारका लागि राम्रो सम्भावना रहेको छ । तर नेपाल सरकारको अन्योलताका कारण भाषा र सीप परीक्षा पास गरेका कामदार संस्थागतरुपमा जापान जान पाएका छैनन् । उनीहरुलाई वैदेशिक रोजगार व्यवसायीसँगको साझेदारीमा वा सरकार-सरकारबीचको सम्झौताका आधारमा पठाउने भन्नेबारे लामो समयदेखि देखिएको अन्योल हटेको छैन ।

उक्त अन्योलताको फाइदा उठाउँदै जापानी भाषा प्रशिक्षण केन्द्रहरुले महँगो रकम असुलेर व्यक्तिगतरुपमा कामदार पठाउने गरेका छन् । राजधानीमा रहेका कतिपय जापानी भाषा प्रशिक्षण केन्द्रहरुले २० लाख रुपैयाँसम्म उठाउने गरेको बताइएको छ ।

श्रम मन्त्रालय स्रोतका अनुसार करिब पाँच हजार नेपाली कामदारलाई जापान पठाउने चर्चा लामो समयदेखि शुरु भएपनि प्रक्रिया भने अझैसम्म शुरु भएको छैन । जापान फाउण्डेसनमार्फत जापानले कोरियाकै शैलीमा प्रणालीबाट भाषा तथा सीप परीक्षा लिइरहेको छ ।

सन् २०१९ मा एसएसडब्लु नीति लिएको जापानले नेपालसहित फिलिपिन्स, इन्डोनेशिया, म्यानमार, चीन, कम्बोडिया ,मंगोलिया, थाइल्याण्ड र भियतनामलगायतका देशबाट कामदार लगेको छ । तर सरकारीस्तरबाट कामदार पठाउने श्रम मन्त्रालयको अडान असफल हुँदा जापानको आकर्षक तलबको रोजगारीबाट बञ्चित >>> पृष्ठ २ मा

## चेक बाउन्सको मुद्दामा पीडितलाई राहत

**मध्यान्ह संवाददाता**
काठमाडौं २१, भदौ

सरकारले चेक बाउन्सको समस्यामा पीडितलाई सहज हुने गरी कानून बनाउन लागेको छ ।

चेक बाउन्सको उजुरीका लागि कम्तिमा तीन पटक पैसा निकाल्न प्रयास गरेको हुनुपर्ने र उजुरी परेपछि पनि खातावालाले एक वर्षसम्म लम्ब्याउन सक्ने लगायतका प्रचलित प्रावधान बदलेर एकै पटकमा उजुरी र मुद्दा चल्न सक्ने गरी सरकारले कानूनी व्यवस्थाको प्रस्ताव गरेको हो । यसलाई सरोकारवालाहरूले पीडितमैत्री प्रावधान भनेका छन् ।

यसक ालागि सरकारले बैङ्कि कसुरसम्बन्धी विधेयक संसदमा ल्याएको छ । यो विधेयकमाथि प्रतिनिधि सभाको अर्थ समितिमा दफावार छलफल सुरु भएको छ ।

चेक अनादार मुद्दामा पीडितलाई तत्काल न्यायको



*चेक बाउन्सको उजुरीका लागि कम्तीमा तीन पटक पैसा निकाल्न प्रयास गरेको हुनुपर्ने र उजुरी परेपछि पनि खातावालाले एक वर्षसम्म लम्ब्याउन सक्ने प्रचलित प्रावधान बदलेर एकै पटकमा उजुरी र मुद्दा चल्न सक्ने गरी सरकारले कानूनी व्यवस्थाको प्रस्ताव गरेको हो ।*

अनुभूति हुने गरी कानुनी व्यवस्था गर्नुपर्नेमा सांसदहरुको जोड रहेको छ ।

संसद्को अर्थ समितिको बिहिबार बैठकमा सांसदहरुले कुनै हदम्याद नराखी पीडितले न्याय पाउनेगरी कानुनी प्रबन्ध गर्दा सहज हुने बताए ।

पछिल्ला दिनमा बैकिङ कसुर तथा सजायसम्बन्धी विधेयक (दोस्रो संशोधन), २०८० माथि लगातार छलफल >>> पृष्ठ २ मा


मध्यान्ह
www.madhyanhadaily.com
२२ भदौ २०८१, शनिबार
7 September 2024, Saturday

# द्वन्द्वकालीन घटनाको पुनरावृत्ति हुन दिइँदैन : प्रधानमन्त्री

**काठमाडौं/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीले पुनः स्थापित शान्ति प्रक्रियालाई दिगो बनाउँदै द्वन्द्वकालीन घटनाको पुनरावृत्ति हुन नदिनेतर्फ वर्तमान सरकार स्पष्ट रहेको बताएका छन्।

संक्रणकालीन न्यायसँग सम्बन्धित विषयमा शुक्रबार नेपाल समाजवादी पार्टीका संयोजक एवम् पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराई नेतृत्वको प्रमण्डलको १९ बुँदे ध्यानाकर्षणपत्र बुझ्दै प्रधानमन्त्री ओलीले नेपाली जनतालाई जातीय आधारमा विभाजित गरेर र सामाजिकरुपमा घृणा/द्वेष फैलाएर राष्ट्रिय एकतालाई कमजोर पार्ने प्रयास सफल नहुने स्पष्ट गरेका हुन्।

'जनताले उहिल्यै फाल्नुपर्ने राजतन्त्र आफ्नो रगतसँग साटेर बल्ल फालेका छन्। संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको छ। यो व्यवस्थालाई सबल तुल्याएर जनताको विकास, समृद्धि र स्थायित्वको चाहना पूरा गर्नुछ। त्यसकारण अहिले कुनै अराजकताले ठाउँ पाउने वा सत्ता समीकरणमा यताउता हुने सम्भावना छैन।'



प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा भएको भेटमा प्रधानमन्त्री ओलीले भने, 'कम्तीमा म प्रधानमन्त्री र नेकपा (एमाले)को अध्यक्ष रहुन्जेल अहिले चर्चामा ल्याइए जस्तोा नेपालमा बंगलादेश वा श्रीलंकामा भएका जस्ता घटना हुने स्थिति हुँदैनन्। मेरो अबको २२ महिने कार्यकालभित्र संक्रणकालीन न्यायलाई टुंगोमा लाने गरी काम गरिन्छ।'

प्रधानमन्त्री ओलीले आफू पहिलेदेखि नै इमान्दाररुपमा शान्ति प्रक्रियालाई अन्तिम निष्कर्षमा लाग्न लागिपरेको र अहिले पनि थप पहल गरेर सत्य निरुपण तथा मेलमिलाप आयोग तथा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगसम्बन्धी विधेयक पारित गर्दा पीडितलाई केन्द्रमा राखेर राजनीतिक सहमति जुटेको सुनाए।

आफू सशस्त्र द्वन्द्वकालमा सत्ता पक्ष वा विद्रोही पक्षमा नरहेकाले निष्पक्ष भएर संक्रमणकालीन न्यायलाई टुंगोमा लाने अठोटमा रहेको स्पष्ट गर्दै प्रधानमन्त्री ओलीले नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले विना आशंका यस प्रक्रियामा साथ दिनुपर्ने भनाइ राखे।

अध्यक्ष दाहालले हालै प्रतिनिधिसभामा असंसदीय, असभ्य र लाञ्छनायुक्त अभिव्यक्ति दिएको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले आफ्नो ध्यान भने जसरी पनि पीडितलाई न्याय दिने र मुलुकमा समृद्धि ल्याउनेमा रहेको बताए।

संयोजक डा.भट्टराईले दुई ठुला दलको सरकार बनेकाले संक्रमणकालीन न्याय टुंगोमा लाने अवसर भएकाले यसमा आफूहरुको साथ रहने अवगत गराए।

सो अवसरमा उक्त पार्टीले ती विधेयकहरु पारित भएकामा स्वागत गर्दै आगामी प्रक्रियामा बृहत् सहमतिका साथ सत्यको अन्वेषण गर्न आग्रह गरेको छ।

सो पार्टीले आयोगहरु गठन गर्दा राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा स्वीकार्य व्यक्तिलाई छनोट गर्न, आयोगमा पीडितको प्रतिनिधि राख्न र परिपूरणका विधि र मापदण्डबारे स्पष्ट हुनुपर्ने लगायत माग राखेको थियो।

# 'सडक अनुगमनलाई तीव्र पार्छौं'



**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, २१ भदौ

सडक डिभिजन कार्यालय प्युठानका डिभिजन प्रमुख बिसुनदास लामाले सडक अनुगमनलाई तीव्र पार्ने बताएका छन्। सडक डिभिजन कार्यालय रुपन्देहीबाट सरुवा भइ प्युठानमा हाजिर हुन पुगेका डिभिजन प्रमुख लामाले कर्मचारीहरुले गरेको स्वागत कार्यक्रममा बोल्दै लामाले कुनै ठाउँमा जनताले गुनासो नगर्ने गरी काम गर्न अनुरोध गरे।

उनले हरेक क्षेत्रमा रहेका सडकहरुको स्तरोन्नत्तिका लागि आफुले अनुगमन गरेर पहल गर्ने र सडकमा रहेका सबै योजनाको पहिला स्थलगत अनुगमन गर्ने बताए।

डिभिजन प्रमुख लामाले कार्यालयको दैनिक प्रशासनलाई चुस्त दुरुस्त बनाउन कर्मचारीलाई निर्देशन दिँदै सेवाग्राहीको काममा कर्मचारीले ढिलासुस्ती गरेको समय अनुसार सम्बन्धित कर्मचारीसँग क्षतिपूर्ति भराउने बताए।

लामाले सडकका कर्मचारीहरुको धेरै गुनासो आउने गरेको र अब गुनासो नआउने गरी काम गर्न आग्रह गरे।

ग्रामीण क्षेत्रका सेवाग्राहीहरूबाट समय-समयमा विभिन्न प्रकृतिका जनगुनासाहरू आउने गरेका कारण ग्रामीण क्षेत्रमा रहेका सडकहरुको पहिला आफु फिल्डमा पुगेर अनुगमन गरेपछि मात्रै अगाडि बढ्ने लामाले दाबी गरे।

# बाल संरक्षण नक्सांकन निर्माण



**पवन जायसवाल/मध्यान्ह**
बाँके, २१ भदौ

बाँकेको नेपालगञ्जमा एसओएस युवालयको आयोजना तथा विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको संयुक्त बैठकले 'बाल संरक्षण नक्साकंन निर्माण' गरेको छ।

बालबालिकाको क्षेत्रमा लामो समयदेखि बाँके जिल्लामा कार्य गरी रहेका १५ भन्दा बढी सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रतिनिधिहरुको उपस्थितमा भएको 'बाल संरक्षण नक्साकंन निर्माण' गर्ने बैठक एसओएस युवालय नेपागञ्जका निर्देशक तुलाराम विश्वासको अध्यक्षतामा सम्पन्न भएको थियो।

नेपालगञ्जको सुर्खेतरोडस्थित सिद्धार्थ कटेजमा आयोजित बैठकमा बाल संरक्षणको महत्व र बाल संरक्षण नक्साकंनको विषयमा एसओएस युवालय नेपागञ्जका सहायक निर्देशक लक्षमण बहादुर कार्कीले प्रस्तुती गरेका थिए।

कार्यक्रममा सहभागी भएका विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रतिनिधिहरुले आ-आफ्ना संघ संस्थाहरुले गरेका कार्यको प्रस्तुती गरेका थिए।

विशेष कारणले संरक्षण गुमाएका वा गुमाउने अवस्थामा रहेका बालबालिकाहरुलाई एकद्वार प्रणालीमा ल्याइ आ-आफ्नो संघसंस्थाहरुले दिने सेवा एकीकृत ढंगले दिने वातावरण बनाइ दिन नेपालगञ्ज उप-महानगरपालिका महिला तथा बालबालिका शाखालाई अनुरोध गर्ने सहमति गरेको छ। यस्तो 'बाल संरक्षण नक्साकंन निर्माण'मा उल्लेख भए बामेजिम कुन संस्थाले के-कस्तो सेवा दिन्छ, सोको सजिलोसँग जानकारी पाउने भएकोले यसको अत्यन्त आवश्यक रहेको अधिवक्ता बसन्त गौतमले बताए।

यसैगरी जबरजस्ती करणी जस्ता परिस्थितबाट जन्मेका बालबालिको जन्मदर्तादेखि नागरिकताको ग्यारेन्टी हुनुपर्ने, भेरी अस्पतालका ओसीएमसी शाखाका प्रमुख अरबिन्द शाक्यले जोड दिए।

यसरी बालबालिका जन्मजात अधिकारहरु हनन् हुनबाट रोक्न नेतृत्व लिएर अगाडि जान मानव अधिकार कार्यालयका अधिकृत सुप्रिया गुप्ताले विचार व्यक्त गरिन्।

यसैगरी कार्यक्रममा लुम्बिनी प्रदेश शिक्षक संघका उपाध्यक्ष तथा राष्ट्रिय आधार भूत विद्यालयका प्रधानाध्यापक वीरेन्द्र यादवले शहरमा अर्काको घरमा काम गर्न राखेका बालबलिकाहरु बढी शोषणमा परेका र यिनीहरुको संरक्षणको लागि अभिभावकहरुलाई पनि बाल संरक्षणको अभिमुखीकरण आवश्यक रहेको कुरामा जोड दिएका थिए।

यसैगरी बालबलिकाहरु बाल बिज्याँई गरेर बाल सुधार गृहमा आउने र त्यहाँ क्षमता भन्दा बढी बालबालिका राखेर हेरचाह र सुधार गर्नुपर्ने भएकोले कानूनी परिणाम सम्बन्धी सचेतना जगाउनु आवश्यक रहेको बताए।

सामाजिक विकास मञ्च बाँकेका प्रोजेक्ट अफिसर बृजेश ठाकुर, बाँके यूनेस्को क्लबका शंकर सिंह थारु, पश्चिम तारा नेपालका सुरज बहादुर गुरुङ, नेत्रहिन संघ बाँकेका भोला नाथ त्रिपाठी, फतिमा फाउण्डेशनकी मैमुना सिद्दिकी, टिपिओ नेपाल बाँके शाखाका कर्णराज रिमाल र रुपा चौधरी, एसओएस युवालय नेपागञ्जका सह-निर्देशक मीना तुलाधर लगायतले बाल संरक्षणको लागि आ-आफ्नो धारणा र सुझाव राखेका थिए। बैठकको समापन गर्दै एसओएस युवालय नेपागञ्जका निर्देशक तुलाराम विश्वासले बाँके जिल्लामा बाल संरक्षणको लागि सरकारी निकायसँग सहकार्य गरी आवश्यकताको आधारमा बाल अधिकारको अभिमुखीकरण, संरक्षण र विकासमा एकद्वार प्रणालीबाट अगाडि बढ्नुपर्नेमा जोड दिएका थिए।

# गैंडाको आक्रमणबाट एक जनाको मृत्यु



**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, २१ भदौ

बर्दियामा गैंडाको आक्रमणबाट एक जना पर्यटक पथ प्रदर्शक (गाइड)को ज्यान गएको छ। गैंडाको आक्रमणबाट ठाकुरबाबा नगरपालिका वडा नं. ९ बस्ने अन्दाजी ३५ वर्षीय मनमोहन चौधरीको शुक्रबार बिहान मृत्यु भएको प्रहरीले जनाएको छ।

अमेरिकी नागरिक एमसी लेन्डन शावान र शिव सामुदायिक वनका चौकीदार खिन्चु थारुसहित जंगल वाकमा निस्किएका उनलाई मधुवन नगरपालिका वडा नं. १ स्थित शिव सामुदायिक वनमा गैंडाले आक्रमण गरेको थियो।

आक्रमणबाट उनको घटनास्थलमै ज्यान गएको र घाइते अमेरिकन नागरिक एमसी लेन्डन शावानको ठाकुरबाबा नगर अस्पताल भुरीगाउँमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय बर्दियाले जनाएको छ। खिन्चु थारुको अवस्था सामान्य रहेको र घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक तुल्सीराम अर्यालले जानकारी दिए।

# माविं कर्कच गुठीमा निर्वाचनबाटै विद्यालय व्यवस्थापन समिति चयन हुने

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २१ भदौ

रौतहट देवाही गोनाही नगरपालिका वडा नं ६ स्थित कर्कच कमैंया टोलका श्री माध्यमिक विद्यालय कर्कच गुठीको विद्यालय व्यवस्थापन समितिको लागि निर्वाचन हुने भएको छ।

बैठकद्वारा चुनावको माध्यमबाट समिति चयन हुने प्रस्ताव सर्वसम्मतले पारित भएपश्चात् समिति चयनका लागि निर्वाचन प्रक्रिया अन्तिम विकल्प भएको भन्दै निर्वाचन प्रक्रियाबाट समिति चयन गरिने विद्यालयका प्रधानाध्यापक पवन पंडितले बताए।

अभिभावकहरुमध्ये इच्छुक भएका अभिभावकहरुले भदौको २४ गते उम्मेदवारको मनोनयन पत्र बिहान ११ बजेदेखि दिउँसो ४ बजेसम्म सम्पूर्ण विवरण, कैफियतहरु विद्यालयको प्राङ्गणमा राखिएको निर्वाचन कार्यालयमा



भौतिक उपस्थित भइ उम्मेदवारको दावी तथा विरोधमा उजुरीपत्र दर्ता गर्न अनुरोध गरिएको छ।

साथै उम्मेदवारले आफ्नो नाम फिर्ता लिन चाहेमा भदौ २५ गते र उम्मेदवारको अन्तिम नामावली प्रकाशन सोही दिन दिउँसो १ बजे तथा उम्मेदवारलाई चिन्ह प्रदान गर्ने लगायतको नियम कानून निर्माण गरिने विद्यालयका प्रधानाध्यापक पंडितले बताए।

त्यस्तै चुनाव भदौ २८ गते बिहान ८ बजेदेखि शुरु भइ दिउँसो ४ बजेसम्म मतदान हुने देवाही गोनाही नगरपालिकाको शिक्षा शाखा प्रमुख अरबिन्द यादवले बताए। बैठकमा देवाही गोनाही नगरपालिका वडा नं ६ कर्कचका वडाध्यक्ष विष्णु दास, पूर्व वडाध्यक्ष अनिलकुमार झा, महेश यादव, पवन पंडित, राजु यादव, वडा नम्बर ५ टिकुलिसरयाका वडाध्यक्ष ओपिन्द्र साह, स्थानीयहरु तथा जनप्रतिनिधिहरु लगायतको रोहवरमा चुनावका लागि विभिन्न विद्येयक पास गरी भदौ २८ गते शुक्रबार चुनाव हुने तय भएको छ।

## समायोजनमा...

समायोजन भएका साविकका निजामती सेवाका कर्मचारीलाई तोकिए बमोजिम एक पटकका लागि समायोजन संशोधनको व्यवस्था गर्न सकिनेछ' पूर्व संघीय मामिलामन्त्री मोदीको संशोधन प्रस्तावमा उल्लेख छ।

जनता समाजवादी पार्टीकी सांसद रञ्जुकुमारी झा, जनमत पार्टीका सांसद अब्दुल खान, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्र बहादुर केसी,

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का प्रमुख सचेतक ज्ञानेन्द्र शाहीले प्रदेशभित्र मात्रै समायोजन सच्याउन सक्ने गरी यस्तो सुविधा दिनुपर्ने प्रस्ताव गरेका छन्।

'कर्मचारी समायोजन सम्बन्धी संघीय कानून बमोजिम स्थानीय सेवामा समायोजन भएको कर्मचारीले कम्तीमा दुई वर्ष काम गरेपछि कर्मचारीको मागको आधारमा प्रदेश प्रमुख सचिवले सोही प्रदेशभित्रको प्रदेश कार्यालय वा स्थानीय तहको पदमा एक पटकका लागि समायोजन संशोधनको अवसर दिइनेछ' राप्रपाका प्रमुख सचेतक शाहीको संशोधन प्रस्ताव छ।

## निर्मला...

असोजमा नेपालगञ्जदेखि काठमाडौंसम्म पैदल यात्रा गरेका थिए। तर, यो विषय अझै निष्कर्षमा पुग्न सकेको छैन। ०७५ सालमा बेपत्ता भएकी बाँकेकी निर्मला कुर्मीको अझै पत्ता लाग्न सकेको छैन। पीडितहरूले विगत ६ वर्षदेखि निरन्तर आन्दोलन गर्दै आएका छन्। तर, पनि राज्य अनुदार हुँदा यो विषय अनुसन्धानमा अघि बढ्न सकेको छैन।

## क्याबिनेटबाट...

नेपाली युवाहरु युद्धग्रस्त रुस, युक्रेन र इजरायलसहित न्यून तलब पाउने खाडी मुलुकमा जानु परेको छ।

जापानमा सन् २०३० सम्म ६४ लाखभन्दा बढी कामदारको अभाव हुने आँकलन गरिएको छ। उक्त अभावलाई पूर्ति गर्न जापानले तीन वर्षअघि नै विदेशी कामदार भर्नासम्बन्धी नयाँ नीति ल्याएको थियो। तर निजी क्षेत्रलाई दिँदा ठगी हुने नेपालमा रहेको सरकारी सोचले जापान सरकारले लिएको लचिलो नीतिको लाभ नेपालीले पाउन सकेको छैनन्। जापानको रोजगारीमा रहेको असफलताको जिम्मेवारी पनि कसैले लिन चाहेको देखिँदैन।

जापानमा औद्योगिक मेसिन उत्पादन उद्योग, इलेक्ट्रिक तथा एलेक्ट्रोनिक्स उद्योग, नर्सिङ तथा स्याहार, भवन सरसफाइ र व्यवस्थापन, कच्चा माल उत्पादन उद्योगदेखि कृषि, मत्स्यपालन तथा अक्वाकल्चर, खाना तथा पेय पदार्थ उत्पादन, खाद्य सेवासहित निर्माण, पानीजहाज निर्माण तथा मेसिनरी उद्योग, अटोमोबाइल मर्मतसम्भार, उड्डयन, होटलसम्बन्धी उद्योगमा विदेशी कामदारको माग रहेको छ।

## चेक...

भइरहेको छ। म्याद राखेर जाँदा पीडित थप पीडित हुने भएकाले तत्काल अदालत वा प्रहरीमा जान सक्नेगरी कानुनी प्रबन्ध गर्दा जायज हुने केही सांसदको मत थियो।

यस्तै, केही समय मेलमिलापका लागि समय दिँदा पनि फरक नपर्ने मतसमेत बैठकमा व्यक्त भएको थियो।

अदालत वा प्रहरीमा जाँदा पीडितले न्याय पाउन लामो समय लाग्ने भएकाले मेलमिलापका लागि केही समय राख्दा ठीक हुने सांसदहरुले धारण राखे।

बैठकमा पूर्वअर्थमन्त्रीहरु ज्ञानेन्द्रबहादुर कार्की, वर्षमान पुन, डा प्रकाशरण महतलगायतले विधेयकको समग्र पक्षबारे धारणा राख्दै समसामयिक र वस्तुनिष्ठ रुपमा कानुन निर्माण हुनुपर्ने बताए। अदालतमा मुद्दा पुग्दा वर्षौंसम्म पनि फैसला नहुने, पीडित झन् पीडित हुने भएकाले समग्र पक्षलाई ख्याल गरेर उपयुक्त प्रावधान राख्दा कानुन निर्माणको मक्सद समेत पूरा हुने सांसदहरुको बताए।

कानुन निर्माण गर्दा अपराध घटाउने उद्देश्य राखिने भएकाले अपराध कर्म गर्नेलाई नै सहजीकरण हुने गरी प्रावधान राख्न नहुनेमा अधिकांश सांसदको जोड थियो।

बैठकमा सांसदहरु जुलीकुमारी महतो, ज्ञानबहादुर शाही, छिरिङ डुम्डुल लामालगायतले विधेयकको समग्र पक्षमा धारणा राख्दै समयानुकूल कानुन निर्माण गर्नुपर्ने बताए।

सरकारले बैंकिङ कसुर तथा सजाय ऐन २०६४ को संशोधन गरी चेक अनादरलाई बैंकिङ कसुर बनाउने प्रस्ताव गरेको हो।

विधेयकमा चेक अनादरको विषयलाई बैंकिङ कसुर मान्ने र त्यस्तोमा अधिकतम् दुई वर्षसम्म कैद सजाय हुनसक्ने व्यवस्था प्रस्ताव गरिएको छ।

सरकारले चेक अनादरलाई बैंकिङ कसुर बनाउने प्रयोजनकै लागि बैंकिङ कसुर तथा सजायसम्बन्धी ऐन संशोधन गर्न लागेको हो।

यसअघिको ऐनमा यस सम्बन्धमा पर्याप्त व्यवस्था नभएको तथा सर्वोच्च अदालतले भिन्नभिन्न प्रकृतिमा फैसला गरेपछि चेक अनादरको विषयमा कानूनी एकरुपता थिएन। विधेयक पारित भएपछि त्यसमा स्पष्टता हुनेछ।

विधेयकमा 'कसैले पनि आफ्नो बैंक खातामा रकम मौज्दात नभएको वा मौज्दात भए पनि भुक्तानीको लागि पर्याप्त छैन भन्ने जानीजानी कसैलाई चेक जारी गरी दिन वा बैंकसँग त्यस्तो चेकको भुक्तानी माग गर्नुहुँदैन,' भन्ने व्यवस्था छ। यसअघिको बैंकिङ कसुर तथा सजाय ऐनमा 'आफ्नो खातामा मौज्दात रकम नभएको जानीजानी चेक काटीदिन नहुने' व्यवस्था मात्रै थियो।

बैंकले भुक्तानीको लागि आएको चेकमा आवश्यक रकम खातामा नभए चेक धारकलाई फिर्ता दिनुपर्ने र त्यसरी फिर्ता हुन आएको चेक धारकले अनादर भएको प्रमाणित गराउन चाहेमा बैंकले बढीमा तीस दिनको म्याद दिई आफ्नो खातामा आवश्यक रकम जम्मा गर्न सम्बन्धित खातावालालाई सूचना दिई त्यसको अभिलेख राख्नुपर्ने प्रस्ताव विधेयकमा छ।

चेक फिर्ता दिँदा बैंकले खातावालालाई दिएको सूचनाको अभिलेख राखिसकेपछि त्यसको व्यहोरा चेकमा समेत जनाई त्यस्तो चेक धारकलाई फिर्ता गर्नुपर्ने गरी ऐन संशोधन प्रस्ताव गरिएको छ।

चेक अनादर गरेको व्यहोरा प्रमाणित गर्ने कार्यविधि भने अर्थ मन्त्रालयको परामर्शमा नेपाल राष्ट्र बैंकले निर्धारण गरेअनुसार हुने प्रस्ताव गरिएको हो।

संशोधन विधेयकमा प्रस्ताव भएको चेक अनादर प्रमाणित भएमा चेक जारी गरीदिने खातावालाबाट धारकलाई बिगो बमोजिमको रकम भराई चेक जारी गरीदिने खातावालालाई बिगोको पाँच प्रतिशत जरिवाना साथै जेल सजायको समेत प्रस्ताव गरिएको छ।


चेक अनादरमा पाँच लाख रुपैयाँसम्म बिगो भए एक महिनासम्म कैद, पाँचलाख रुपैयाँभन्दा बढी दश लाख रुपैँयाँसम्म बिगो भए तीन महिनासम्म कैद, दश लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैँयाँसम्म बिगो भए ६ महिनासम्म कैद र पचास लाख रुपैयाँभन्दा बढी जतिसुकै बिगो भए पनि दुई वर्षसम्म कैद सजाय प्रस्ताव भएको हो।

यसअघिको ऐनमा यस्तो कसुर गर्नेलाई बिगोबमोजिम जरिवाना र तीन महिनासम्म कैद हुने व्यवस्था थियो।

चेक अनदार गर्ने व्यक्ति सम्बन्धित संस्थाको अध्यक्ष, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत भएमा उक्त ऐनमा प्रस्ताव गरिएको सजायमा थप एक वर्ष कैद हुने प्रस्तावित व्यवस्था रहेको छ।

# गाउँमा विकासको फड्को, तर रोकिएन शहर जानेको लर्को

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
सन्धिखर्क, २१ भदौ



अर्घाखाँचीको पहिलो व्यापारीक केन्द्र सन्धिखर्क साढे एक दशक अगाडिसम्म सुनसान थियो । सीमित घरहरु थिए, जनघनत्व निकै कम थियो । विकासका हिसाबले पहाडी जिल्लामा अलि पछाडि नै थियो । तर पछिल्लो समय अर्घाखाँचीको सदरमुकाम रहेको सन्धिखर्क बजारको स्वरुपनै बदलिँएको मात्रै होइन्, चहलपहल पनि निकै बढी छ ।

पहिलेको जस्तो शान्त र व्यवस्थित पनि छैन सन्धिखर्क बजार । कोलाहाल र जनघनत्व पनि सन्धिखर्कमा बढेको छ । बजार गर्न सामान किनबेच गर्न र घुमफिरका लागि गाउँबाट सन्धिखर्क झर्ने मानिसको लर्को लाग्थ्यो, तर अहिले त्यो पुरानो अवस्था फेरिएको यहाँका स्थानीयबासी देवीराम भुसाल बताउँछन् । गाउँहरुबाट बसाइँ सराइ गर्नेको संख्या दैनिक बढ्दै गएपछि अर्घाखाँचीका धेरै गाउँ रित्तिन थाले, अचेल बजारबाट घुम्नका लागि गाउँ जानेको संख्या बढेको भूमिकास्थान नगरपालिका वडा नम्बर १० धनचौरका तेजुराम भट्टराई बताउँछन् । गाउँमा विकास बढ्दै गएपनि गाउँलेको बजार मोहले गाउँ रित्तिन थालेको भट्टराईको दाबी छ ।

पहिले अर्घाखाँचीका सबै गाउँमा सडक पुगेका थिएनन् । खानेपानीको सुविधा थिएन । गाउँमा मान्छे भने धेरै नै हुन्थे ।

अहिले घरको आँगनमै कालोपत्रे सडक पुगेको छ । आँगन छेउमै पानीका धारा बनेका छन् । तर त्यसको उपभोग गर्ने मान्छे भने सन्धिखर्क बुटबल कपिलवस्तु दाङ गुल्मी पाल्पा लगायतका ठूला बजार पुगेर बस्न थालेपछि अर्घाखाँचीका अधिकांश विकट मानिने बस्तिहरुमा जंगली जनावरको रजाइँ छ ।

गाउँमा मनै लोभ्याउने खालका चिटिक्कका घरहरु मानिस बस्न छोडेपछि मक्किएर जीर्ण बन्दै गएको सन्धिखर्क नगरपालिका वडा नम्बर २ कुरका नारायण भुसालले बताए । सदरमुकाम नजिकका धेरै गाउँहरुमा समेत खेतीयोग्य जमिन वनमाराले ढाकिएपछि पशुचौपाया चर्ने वन जंगल बाक्लिएर डरलाग्दो बनेको कारण गाउँमा जंगली जनावरले बढी आतंक मच्चाउन थालेको भूमिकास्थान नगरपालिका वडा नम्बर ९ का बीरबहादुर सुनार बताउँछन् ।

पहिले अर्घाखाँची सन्धिखर्क लगायत ६१ वडाका अधिकांश नागरिक पशुपालन र कृषि गरेर जीवन निर्वाह गर्थे । उनीहरुमा बजार मोह त्यत्ति थिएन । जिल्लाका सीमित ठाउँमा स-साना बजार थिए । त्यस बेला साना बजार रहेका ठाउँ अहिले शहरीकरण हुँदै गएका छन् । शालझण्डी ढोरपाटन सडक, पाल्पा अर्घाखाँची गुल्मी अर्घाखाँची सडक, प्युठान अर्घाखाँची सडकका छेउछाउ मध्यपहाडी लोकमार्गले जोडिएका ठाउँमा बजार बन्दै गएको भएपनि गाउँ रित्तिदै गएको शितगंगा नगरपालिका वडा नम्बर ५ जुकेनाका लिलामणी न्यौपानेले बताए ।

डेढ दशक पहिले जिल्ला सदरमुकाम सन्धिखर्कसहित ठाडा नरपानी सितापुर फुदबाङ विहार गच्छेबजार पकले खनदह बागिटारी बजारको रुपमा चर्चामा थिए । अहिले विभिन्न जिल्लाहरु जोड्ने ठूला सडकहरु निर्माण हुन थालेपछि ग्रामीण भेगबाट यी ठूला सडकका छेउछाउमा झरेर केही व्यापार व्यवसाय गरेर बस्न थालेपछि धेरै ठाउँ बजारको रुपमा विकास हुँदै गएको अर्घाखाँचीका समाजसेवी ऋषिराम घिमिरे बताउँछन् ।

अहिले दिनप्रति दिन गाउँ छोडेर बजार झर्नेको लर्को नै लागेको छ । गाउँको कुना कन्दरासम्म सडकले जोडिए पनि स्थानीयको बजार मोहले गाउँ उजाड बन्न थालेको शितगंगा १२ का रेसम बन्जाडेको बुझाइ छ । अहिले सालझन्डि सन्धिखर्क ढोरपाटन सडक गच्छेभालुवाङ सडक, घुम्ती पाल्पा सडक, सन्धिखर्क नुवाकोट प्युठान जाने सडक र सन्धिखर्क गोरुसिंगे मुख्य सडक अन्तर्गत पर्ने विभिन्न ठाउँहरुमा बजार विस्तार हुँदै छन् ।

यता शितगंगा नगरपालिकाको ठाडा अमराइ जुकेना जलुके लामाताल हुँदै भालुवाङ जाने सडक निर्माणकार्य द्रुत गतिमा अगाडि बढेपछि त्यस क्षेत्रका मुख्य केन्द्रहरुमा पनि बजार बन्दै गएका छन् । गाउँलेको बजार मोहले ग्रामीण क्षेत्र सुनसान बन्दै गएको शितगंगा नगरपालिका वडा नम्बर १० का स्थानीय हिम्मत पोखेलले बताए ।

आर्थिक अवस्था मजबुद भएकाहरु काठमाडौं, पोखरा, चितवन, भैरवाह र कपिलवस्तु तौलिहवा दाङ घोराही, नेपालगञ्ज पाल्पा जस्ता ठाउँहरुमा बसाइँ सराइ गर्ने गरेको भएपनि सामान्य अवस्थाका किसानहरु पनि शितगंगाबाट ठाडा अमराइ गोरुसिंगे पिपरा ४ नम्बर चनौटा सिवपुर इमलिया बैरिया लगायत मुख्य राजमार्गका छेउमा सरको पोखेलको भनाइ छ । बसाइँ सराइ धेरैले गरेपछि गाउँठाउँहरुमा बनेका लोभलाग्दो संरचना घरहरु जीर्ण बन्दै गएको पोखेलको भनाइ छ । पहिले निकै चहलपहल हुने गाउँ अहिले उराठलाग्दो भएको पोखेल बताउँछन् । बसाइँ सराइको मुख्य कारण रेमिटान्स भएको उनले दावी गरे । अर्घाखाँचीका ६ स्थानीय तह सन्धिखर्क नगरपालिका शितगंगा नगरपालिका भूमिकास्थान नगरपालिका मालारानी गाउँपालिका छत्रदेव गाउँपालिका पाणिनी गाउँपालिकाका विभिन्न ग्रामीण भेगबाट अधिकांश नागरिकहरु जापान, कोरिया, अष्ट्रेलिया अमेरिका, बेलायत, दुवई कतार, मलेसिया, युरोप गएका छन् । कमाएको पैसाले ठूला शहरमा सम्पत्ति जोडर उतै बसाइँसराइ गर्ने गरेका शितगंगा ४ का युवा नारायण सिंह बेल्वासे बताउँछन् ।

## मध्यान्हकर्मी अहमद हज समिति सल्लाहकार नियुक्त



**काठमाडौं/मस-** नेपाल हज समितिले मध्यान्ह दैनिकका संवाददाता इसत्याक अहमदलाई सल्लाहकारमा नियुक्त गरेको छ । अहमद रौतहट निवासी हुन् । विगत पाँच वर्षदेखि उनी मध्यान्हसँग आबद्ध छन् । नेपाल हज समितिका अध्यक्ष हाजी इश्रा मुल्लाह मियाका अनुसार शमिम अहमद (सिरहा), मोहम्मद फरिद मुस्लिम (काठमाडौं), ई. मोहम्मद अयुब (बारा), इन्तियाज मियाँ (मोरङ), मोहम्मद गुल्जार (रौतहट), मुस्ताक खान (कपिलवस्तु) गरी सातजना नेपाल हज समितिको सल्लाहकार नियुक्त भएका छन् ।

नेपाल हज समितिको कार्यविधि २०७२ को दफा ७ बमोजिम सो समितिको काम कारबाहीको विषयमा आवश्यक सरसल्लाह लिइने प्रयोजनका लागि सो समितिको सल्लाहकार नियुक्त गरिएको हो ।

## सुत्केरीको मृत्यु भएपछि शिवनगर स्वास्थ्य चौकी तनावग्रस्त

**ओमप्रकाश यादव/मध्यान्ह**
रौतहट, २१ भदौ



रौतहटको गरुडा नगरपालिका-५ स्थित शिवनगर स्वास्थ्य चौकीको अवस्था अहिले तनावग्रस्त बनेको छ । एक जना सुत्केरी महिलाको मृत्यु भएको विषयलाई लिएर अहिले स्वास्थ्य चौकी शिवनगरको अवस्था तनावग्रस्त बनेको हो । स्वास्थ्य चौकीको लापरबाहीले सुत्केरीको ज्यान गएको भन्दै पीडित परिवारले चौकी घेरेपछि ठूलो संख्यामा अहिले नेपाल र सशस्त्र प्रहरी परिचालन गरिएको छ । शल्यक्रियाद्वारा सो स्वास्थ्य संस्थामा बिहीबार राति एक महिलाले बच्चा जन्माएकी थिइन्, तर बच्चा जनमाएको केही घण्टामै ती महिलाको मृत्यु भएको बताइएको छ ।

चिकित्सकको लापरबाहीले शल्यक्रिया गर्दा अत्यधिक रक्तस्राव भएर शिवनगरबाट वीरगञ्ज लैजाने क्रममा ती महिलाको मृत्यु भएको भन्दै पीडित परिवार र उनका आफन्तहरुले स्वास्थ्य चौकी शिवनगर अगाडि शव राखेर दोषी चिकित्सकलाई कारबाहीको माग गर्दै प्रदर्शनमा उत्रिएको प्रहरीले जनाएको छ ।

शल्यक्रिया गर्दा चिकित्सकले सावधानी नअपनाएर जथाभावी चिरेका कारण अत्यधिक मात्रामा शरीरबाट रगत बगेर रगतको अभावमा महिलाको मृत्यु भएको दाबी गर्दै पीडित परिवारले उपचारमा लापरबाही गर्ने चिकित्सकलाई कारबाही तथा उचित क्षतिपूर्तिको माग गरेका छन् । घटनाको पुष्टि गर्दै इलाका प्रहरी कार्यालय गरुडाका प्रहरी निरीक्षक विनोद श्रेष्ठले थप क्षति हुन नदिन ठूलो संख्यामा अहिले अस्पताल अगाडि प्रहरी परिचालन गरिएको जानकारी दिए । एक महिनाअघि पनि उक्त स्वास्थ्य चौकीमा बच्चा जन्माएकी एक महिलाको अत्यधिक रक्तस्रावकै कारण मृत्यु भएको बताइएको छ ।

## हुम्लामा दर्ताबिना नै पठाओ सञ्चालन, भाडा अचाक्ली महँगो



**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २१ भदौ

सडक पूर्णरुपमा सञ्चालनमा नआउँदै जिल्लामा पठाओ गर्नेको संख्या बढ्दै गएको छ । जिल्ला सदरमुकाम सिमकोट अझै राष्ट्रिय सडक मार्गसँग जोडिएको छैन । सिमकोट गाउँपालिकासँग जोडिएको खार्पुनाथ गाउँपालिको खार्पु कर्णाली नदीमा पुल निर्माण नहुँदा दुई पांग्रे सवारी साधन मानिसका लागि बनाएको पुल तरेर नेपालगञ्ज र सुर्खेतबाट सिँधा सदरमुकाम सिमकोट आउने भएपनि चार पांग्रेमाथिका सवारी साधन खार्पुसम्म आउने गर्दछन् ।

सिमकोट बजार क्षेत्रको करिब ४ किलोमिटर सडक ढलना भएको भएपनि अन्य सडक भर्खरै निर्माण गरेर कच्ची, अप्ठ्यारो, भिरालो छ । जिल्लामा आन्तरिक सडक होस्, या कर्णाली कोरिडोर होस्, पठाउ दर्ता बिना सञ्चालन हुँदै आएका छन् । पठाओ दर्ता मात्र नभइ सवारी साधन चालक पत्र( लाइसेन्स) नभएकाले पनि पठाउ चलाउँदै पैसा असुल्दै आएका छन् । पठाओले दुरी हेरेर आफू खुसी पैसा असुल छन् । जिल्लामा चार पांग्रे सवार गर्ने यात्रुको लागि दुरी हेरेर मूल्य निर्धारण गरेको भएपनि त्यो मूल्य यात्रुका लागि लागू भएको छैन् ।

पठाओले करिब दुईदेखि तीन किलोमिटर सडकको ५ सय देखि ७ सयका दरले भाडा लिँदै आएको छ । एक मोटरसाइकलमा चालकसहित तीन जनाले सवारी गर्दै आएको हुँदा पनि जिल्लाका सम्बन्धित निकाया मौनमा बसेको स्थानीयबासीको भनाइ छ ।

स्थानीयका अनुसार जिल्लामा करिब ४० वटा मोटरसाइकलले पठाओ गर्दै आएका छन् भने तीमध्ये पाँच प्रतिशतको मात्र बुलबुक, लाइसेन्स कानूनअनुसार प्रमाणपत्र बनाएका छन् । बाँकी अधिकांश चालकले चोरीका मोटरसाइकल बुलबुक नभएका र लाइसेन्स पनि नभएकाले पठाओ सञ्चालन गर्दै आएको भएपनि जिल्ला प्रशासन कार्यालय, ट्राफिक प्रहरी, स्थानीय सरकारले कुनै वास्ता गरेको देखिँदैन । एक दिनमा पठाओले कम्तिमा ५ देखि ८ हजार पैसा असुल्दै आएका छन् । पठाओ सञ्चालनमा स्थानीय भन्दा जिल्ला बाहिर जुम्ला, मुगु, कालिकोट, सुर्खेत, दैलेख, बाजुरा, सल्यान, दाङ, नेपालगञ्ज, जाजरकोट जिल्लाका व्यक्तिले चलाउँदै आएका छन् ।

## आर्थिक गतिविधि तीव्र बनाउँदा मात्र आर्थिक संकट समाधान हुन्छ : स्वर्णिम वाग्ले



**आबिद हुसेन/मध्यान्ह**
वीरगञ्ज, २१ भदौ

आर्थिक नगरी वीरगञ्जमा बिहीबार एकदिने 'अर्थ मन्थन' कार्यक्रम सम्पन्न भएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पर्साको आयोजनामा 'आर्थिक मन्दी र अर्थ राजनीतिक निकास' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको हो ।

वीरगञ्जको व्यवसायिक एवम् आर्थिक शहरको रूपमा रहेको योगदान, यसका समस्या र समृद्धिका लागि आवश्यक नीतिहरूको चर्चा कार्यक्रममा गरिएको थियो ।

रास्वपा पर्साका संयोजक हरि पन्तको अध्यक्षतामा सम्पन्न कार्यक्रमको प्रमुख अतिथि रास्वपाका उपसभापति एवम् प्रतिनिधि सभा सदस्य डा.स्वर्णिम वाग्ले रहेका थिए । कार्यक्रममा बोल्दै वाग्लेले देशको आर्थिक गतिविधि शिथिल भएको अवस्थामा आर्थिक मन्दीको निकासका लागि तीव्र प्रयास आवश्यक रहेको बताए ।

उनले भने,'आर्थिक रुपमा सबल बन्नका लागि उद्योग, व्यापार, कृषि र अन्य आर्थिक गतिविधिहरूलाई गति दिनुपर्छ । नीतिगत, संरचनागत र व्यवहारिक समस्याहरूको समाधानका लागि संसददेखि विभिन्न समितिको बैठकमा म मुद्दा उठाइरहेको छु र आवश्यक पहल गर्दैछु ।'

वाग्लेले आर्थिक संकटको समाधानका लागि अन्तर्राष्ट्रिय अनुभवलाई देशको परिस्थितिमा मिलाएर प्रयोग गर्नुपर्नेमा पनि जोड दिए । उनले भने,'अहिले नेपालमा देखिएको आर्थिक मन्दी विश्वव्यापी आर्थिक संकटको भाग पनि हो, तर यसलाई हामीले नीतिगत सुधार र आवश्यक कदमहरू चालेर समाधान गर्न सक्छौं । वीरगञ्जजस्तो महत्त्वपूर्ण शहरलाई उपयुक्त सरकारी सहयोग र नीति निर्माणको जरुरी छ ।'

उक्त कार्यक्रममा विशिष्ट अतिथि मधेश विश्वविद्यालयका उपकूलपति प्राध्यापक डा.दिपक शाक्यले पनि आर्थिक मन्दीको समयमा शिक्षा क्षेत्रको भूमिकाबारे चर्चा गर्दै, उद्यमशीलता र सीपमूलक शिक्षामा जोड दिनुपर्ने बताए । उनले भने,'शिक्षा भनेको केवल ज्ञानको क्षेत्र मात्र होइन, यो समाजको आर्थिक विकासको आधार पनि हो। शिक्षाले उद्यमशीलता र नवप्रवर्तनलाई प्रोत्साहित गर्नुपर्छ, जसले दीर्घकालीन रुपमा आर्थिक मन्दीको समाधान गर्न मद्दत गर्छ ।'

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका अध्यक्ष अशोक टेमानीले औद्योगिक क्षेत्रका समस्या र चुनौतीहरू प्रस्तुत गर्दै, नीतिगत सुधारको आवश्यकतामाथि प्रकाश पारे । उनले भने, 'वीरगञ्ज एक प्रमुख व्यापारिक शहर हो, तर यहाँका उद्योगहरू सरकारको ध्यानमा परेका छैनन् । यहाँका उद्योगी र व्यवसायीहरूलाई सरकारबाट आवश्यक सहयोग प्राप्त हुन सकेको छैन ।'

साथै निवर्तमान अध्यक्ष गणेश लाठ, वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल अग्रवाल, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय सदस्य डा. सुवोध कुमार गुप्ता लगायतले वीरगञ्जको आर्थिक गतिविधि, औद्योगिक समस्याहरू र सम्भावनाबारे चर्चा गरे ।

कार्यक्रममा बरिष्ठ उद्योगी जगदिश अग्रवालले वीरगञ्जलाई सरकारको नीति निर्माणमा महत्त्वपूर्ण स्थान दिनुपर्ने माग गरे । अग्रवालले भने,'वीरगञ्ज औद्योगिक हबको रूपमा चिनिएको भए पनि यहाँका उद्योगीहरूलाई सहयोग नपाउँदा चुनौती थपिएका छन्। सरकारले यहाँका उद्यमीहरूलाई साथ दिने नीति बनाउनुपर्छ ।'

कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव दिपेन्द्र चौहान, प्राध्यापक डा. प्रमोद सर्राफ, विश्लेषक बिनोद गुप्ता, अर्थविद् डा. दिपेन्द्र चौधरी लगायतले पनि आर्थिक, शैक्षिक र स्वास्थ्य क्षेत्रका विविध मुद्दाहरूमा आफ्नो भनाइ राखे । वीरगञ्ज उद्योग वाणिज्य संघका उपाध्यक्षद्वय माधव राजपाल र मनोज दास, एनप्याब्सन पर्साका अध्यक्ष रामराज श्रेष्ठ, पत्रकार ध्रुव साह, पत्रकार राजु श्रेष्ठ लगायतले विभिन्न क्षेत्रका समस्या उजागर गर्दै सुझाव दिए ।

कार्यक्रममा पार्टीका पर्सा जिल्ला संयोजक हरि पन्तले वीरगञ्जलाई व्यवसायिक नगरी भनिएपनि सरकारको दृष्टिकोण नफेरिएको र यहाँका नागरिकहरूले पनि सरकारको प्रभावकारी काम देख्न नसकेको बताए । पन्तले भने,'वीरगञ्जजस्तो प्रमुख नगरीले सरकारबाट कुनै ठोस सहयोग पाउन नसकेको छ, यसकारण यहाँका व्यवसायिक र आर्थिक चुनौतीहरूको समाधानका लागि निरन्तर बहस र छलफल आवश्यक छ ।'

रास्वपाका अभियान तथा प्रचार-प्रसार विभाग मधेश प्रदेशका प्रमुख राम सर्राफले स्वागत मन्तव्य दिएका थिए भने, कार्यक्रमको सहजीकरण सञ्चारकर्मी सूर्यनारायण वि.क.ले गरेका थिए । कार्यक्रमको अन्त्यमा रास्वपाका केन्द्रिय सदस्य डा.नन्दन यादवले धन्यवाद ज्ञापन गरेका थिए ।

## शिक्षामा माफियातन्त्रको अन्त्य गरेरै छाड्छौं : नगरप्रमुख सिंह



**ध्रुव अधिकारी/मध्यान्ह**
वीरगञ्ज, २१ भदौ

वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले शिक्षाको माफिया तन्त्रको अन्त्य गरेरै छाड्ने दावी गरेका छन् । मध्यान्ह राष्ट्रिय दैनिकसँग शुक्रबार विशेष कुराकानी गर्दै नगर प्रमुख सिंहले वीरगञ्जको शिक्षामा माफियातन्त्र हावी हुन खोजेको हुँदा बाहिरबाट आएर वीरगञ्जको शैक्षिक अवस्थालाई बिगार्ने गिरोहलाई नछाडिने चेतावनी दिए ।

आफू कानून विपरित काम नगर्ने र कानून हातमा लिनेलाई कुनै हालतमा नछाडने प्रतिबद्ध व्यक्त गर्दै उनले जनताको राजस्वबाट तलब खाने शिक्षकले पार्टीको राजनीति गरेर शैक्षिक क्षेत्रलाई धारासायी बनाउने अधिकार नभएको बताए ।

शैक्षिक क्षेत्रको सुधारको सुरुवात भएको बताउँदै नगर प्रमुख सिंहले ४०/५० हजार तलब खाने शिक्षकले पढाउने विद्यार्थी फेल हुने, १५/२० हजार तलब खाने शिक्षकले पढाउने विद्यार्थी पास हुने अवस्था कसरी भयो यसको अन्त्य गरिने बताए ।

आफूले २७ महिना ९ दिन काम गरेको र यस अवधिमा वीरगञ्जको सरसफाइ, सौन्दर्यकरण, हरियाली वीरगञ्ज, शंकराचार्य गेटदेखि गण्डकसम्मको अवस्थामा आमूल परिवर्तन इको पार्कको निर्माण जस्ता धेरै काम गरेको दावी गरे ।

उनले वातावरण पर्यावरण जोगाउन महानगरपालिकाले काम गरिरहेको बताउँदै प्रदुषित सिर्सिया नदीलाई स्वच्छ बनाउन फोहोर मिसाउने उद्योगलाई कडा कारबाहीसहित जरिवाना गरिएपछि अहिले सिर्सिया नदीको अवस्थामा सुधार आएको दाबी गरे ।

नगर प्रमुख सिंहले वीरगञ्जको माटोलाई उर्वर बनाउने जिम्मा वीरगञ्जवासीकै भएको बताउँदै आफूले गरेका राम्रा कामको पनि विपक्षीहरुले आलोचना गरेको र आलोचना र अवरोधबाट आफू कहिल्यै पछाडि नहट्ने दाबी गरे ।

नगर पमुख सिंहले वीरगञ्जको बजार क्षेत्र र ग्रामीण क्षेत्रलाई छुट्याएर समानुपातिक रुपमा सडक, विद्युत, खानेपानी, स्वास्थ्य चौकी लगायत विकास निर्माणलाई अगाडि बढाएको दाबी गर्दै आफूले बोलेको कुरा पुरा गर्ने र पुरानो बसपार्कको ठेक्का समेत खारेज गरी सकेको बताए । उनले हाल वीरगञ्ज महानगरपालिकाले आन्तरिक रुपमा ८० करोड राजश्व उठाइ रहेको बताउँदै संघीय सरकारको विभेदको शिकार महानगरपालिका बनेकोमा आक्रोश व्यक्त गरे ।

वीरगञ्ज महानगरपालिका नगर प्रमुख, उपप्रमुख, वडाध्यक्ष लगायत बोर्ड सदस्यहरुमा कुनै विवाद नरहेको बताउँदै आफूले चुनावताका गरेका प्रतिबद्धता र वाचालाई जुनसुकै हालतमा पनि पुरा गरेरै छाड्ने दाबी गरे ।

## धर्म-संस्कृति

# चाँगु अर्थात् चम्पक नारायण

शैवहरूले पशुपतिनाथलगायतका धेरै मठ मन्दिर सजाए भने वैष्णवहरूले चाँगुलगायत धेरै मठ मन्दिर सजाए । यसमा मानदेव प्रतापी राजा रहेको कुरा इतिहासले स्पष्ट व्याख्या गरेको छ । चागु नारायण उनैले बनाउन लगाए भनिएको छ भने अंशुवर्माको कैलाशकुट भवन खोजीको विषय रहेको छ ।



■ अच्युतप्रसाद पौडेल 'चिन्तन'

नेपालको इतिहास गौरव गर्न लायक छ । विश्व सम्पदा सूचीमा रहेको चाँगु अर्थात् चम्पक नारायणको विशेष चर्चा गर्ने यो आलेखको आशय छ । नेपाल माहात्म्य हिमवत्खण्ड अध्याय ८७ मा यस्तो उल्लेख छ ।

मणिमत्याँ च यो धीरः स्नात्वा भक्तियुतो मुने ।
दोलाद्रिँ च समारुह्य पश्यति गरुडध्वजम् ॥
सर्व पापैविनिर्मुक्तः परिवारै समन्वितः ।
सूर्यप्रतिमयानस्थो गच्छति वैष्णवंपदम् ॥

नेपालको गौरव झल्कने सगरमाथालाई शास्त्रले व्योमकूट भनिएझैं काठमाडौं पूर्व मनोहरा नदीमाथि रहेको अग्लो डाँडोलाई दोलाद्री अर्थात् दोलागिरी भनिन्छ । कागेश्वरी नदी र मनोहरा नदीका नामले उपयत्काको पूर्वीक्षेत्रलाई कागेश्वरी मनोहरा नगरपालिका नाम दिइएको छ भने त्यस पूर्वतिर ऐतिहासिक साँखु झल्कने गरी शंखरापुर नगरपालिका नाम दिइएको छ । साँखु, चाँगु गर्दै कार्तिक शुक्ल नवमीमा चाँगु नारायणमा विशेष मेला लाग्छ र एकादशी अनि चतुर्मासमा विशेष मेला लाग्ने गरेको छ । काठमाडौं उपत्यका चारै नारायणबाट संरक्षित भएको र पहिलो नारायण चप्पक, दोस्रो ललितपुरको विशंखु र तेस्रो फर्पिङ्गका शेषनारायण र पश्चिममा स्वयम्भू पछाडिका इचँगु नारायण हुन् । नारायणको पाँचौं नारायणलाई उत्तर शिवपुरी फेदमा बूढानीलकण्ठ नारायण सुकला छन् भने शिव शैव जे भने पनि संसारको शिरभाग स्वयम् उदय भएको पशुपति ज्योतिर्लिंग सबै क्षेत्रको शीर भाग हो । संसारमा पञ्चमुखी शिवको ज्योतिर्लिंग अन्यत्र कतै छैन ।

सत्य त्रेता, द्वापरदेखि नेपालले फरक नामले अस्तित्व पाउँदै आएकोमा आजभन्दा सवा पाँच हजार वर्ष अघिदेखिको नाम नेपाल रहेको र संस्कृत शब्द न्यायेन पाल्यते इति नयपाल अर्थात् जुन ठाउँमा न्याय र सुशासनद्वारा जनता पालिएका हुन्छन्, त्यहाँको नाम नयपाल भएको र शब्द अपभ्रंश हुँदै नेपाल रहेको हो । ने मुनिले विरूपाक्षलाई पापमोचन गर्दै सिन्धुलीको दुम्जा कुशेश्वर हुँदै ६४ ज्योतिर्लिंग दर्शन गराउने क्रममा हालको १० जिल्लामा रहेका सबै ज्योतिर्लिंगको दर्शनपश्चात् पशुपति कैलाशमुनि रहेको रुद्रगारेश्वरको दर्शन गराएर वाग्मती आर्यघाटमा विरूपाक्षको शिला राखिएको र त्यहाँ अर्धकदको विरूपाक्ष शिला हालसम्म देखिएको छ । ६४ लिँगमध्ये ३७ औं लिंग कीलेश्वर ज्योतिर्लिंग चाँगु नारायण परिसर नैऋत्य भागमा सो को मन्दिर रहेको छ ।

नेपालको पछिल्लो इतिहास गोपालराज बंशावलीबाट लिपिबद्ध हुन्छ । लिच्छवी काललाई स्वर्णयुग मानिएको छ, जतिबेला प्रस्तर, मूर्तिहरू धेरै बनेका देखिन्छन् र त्यसबेलाका शासकहरू शैव र वैष्णव रहेका थिए । शैवहरूले पशुपतिनाथलगायतका धेरै मठ मन्दिर सजाए भने वैष्णवहरूले चाँगु लगायत धेरै मठ मन्दिर सजाए । यसमा मानदेव प्रतापी राजा रहेको कुरा इतिहासले स्पष्ट व्याख्या गरेको छ । चागु नारायण उनैले बनाउन लगाए भनिएको छ भने अंशुवर्माको कैलाशकुट भवन खोजीको विषय रहेको छ । धेरैले हालको विशालनगर भन्ने गरेका छन् । वि सं १७५० मा चाँगु, यो मन्दिरको जीर्णोद्धार काठमाडौंका राजा भूपालेन्द्र मल्लले गरे भने त्यसको ठीक एक सय वर्षपछि वि.सं. १८५० मा राजा रणबहादुर शाहले दोलागिरी पर्वतको ६५० रोपनी जग्गाको गुठी लालमोहर सदर गरी चाँगु नारायणको पूजा बन्दोबस्त गरेको देखिन्छ ।



लप्सीको रख धेरै हुँदा मृगस्थलीलाई श्लेष्मान्तक बन भनिएझैं, चाँपका रुख धेरै भएको यो क्षेत्रलाई चम्पक वन भनियो । संस्कृतमा चम्पकको अर्थ चाँप भन्ने हुन्छ भने नेपालको इतिहासमा नेवारहरूको इतिहास प्रसिद्ध रहेकाले नेवारी भाषामा चँ भनेको चाँप र गु भनेको बन भन्ने हुन्छ र चाँगु भन्ने बुझ्न सकिन्छ । पंक्तिकार यसैक्षेत्रको शोधकर्ता हो, बाल्य जीवनदेखि हालसम्म यसै सेरोफेरोमा रहेको र पछिल्लो समय हालै उसले त्यहाँको अध्ययन अवलोकनमा थप प्रयास गरेको हो । चाँगु नारायण परिसरमा मूल रूपमा तीन प्रसिद्ध मूर्ति, मन्दिरहरू छन् । अत्यन्त विशाल मन्दिर र गरुडको प्रस्तर सहित अनि मन्दिरको मूल दर्शनभाग पश्चिम ढोकामा विशाल सिँहका दुई मूर्तिहरू रहेको चम्पक मन्दिर हो । दोस्रो भनेको कीलेश्वर मन्दिर जो शिव सम्बन्धित छ र देवी महकाली सम्बद्ध छिन्नमस्ता देवीको मन्दिर पनि रहेको छ ।

आदिम युगमा शिजले विष्णुलाई गरुड नारायणसँगै बस्न अनुरोध गरे दोलागिरी पर्वतमा । सृष्टिको उषाकालमा सर्जक ब्रह्माजीको अंश बंशमा तालजँग असुरको उदय भयो, उसले संसारलाई नै आफ्नो नियन्त्रणमा लिन प्रयास गर्‍यो । उसको अन्त्यपछि बाबुकै स्वभाव भएको मुर नामको असुर आयो, उसले स्वर्ग आदि सबैक्षेत्रलाई आफ्नो नियन्त्रणमा लियो । स्वर्गबाट लखेटिएका देवताहरू यसै पर्वतमा आए । देवताहरूलाई बचाउन श्रीविष्णुले मुर दैत्यसँग युद्ध गर्न लागे । ठूलो युद्ध भइरहँदा कैलाशबाट शिवले विष्णुलाई आवा पठाए कि उसको मुत्य तिमीबाट सम्भव छैन, युद्ध बन्द गर भनेर । विष्णुको हार देखेर मुर दैत्यले पर्वतलाई हल्लाउन लाग्दा शिवले आफू किलो भएर रक्षा गरे । कीलेश्वरको रूपमा श्रीशिव त्यहाँ रहने भए । विष्णु भने शिवको तपमा रहे र उनले आफ्नो शिर चढाई कडा तप गर्न लागे । शिर बिहीन विष्णुको शरीरबाट देवी महशक्तिको उदय भयो र शीर नभएको शरीरबाट उदय भएकी देवीलाई छिन्नमस्ता भनियो जसको मन्दिर हाल पनि दक्षिण परिसरमा रहेको छ । छिन्नमस्तालाई एकादशीको पनि नाम दिइयो, उनै देवीले मुर दैत्यको तेजोवध गरिदिइन् र सबैले त्राण पाए । चैत्र शुक्ल द्वादशीका दिन ने मुनिले विरूपाक्षलाई दर्शन गराए यहाँ र उनको मातृगमनको पापमोचन भयो ।

काठमाडौं उपत्यका देव देवीहरूबाट संरक्षित क्षेत्र हो । यहाँ चार नारायण चारैतिर र चार गणेश पनि चारैतिर रहेका छन् । पूर्वीय धम दर्शन, जीवन सञ्चालनमा अग्रपूजाका अधिकारी श्री गणेश हुन् र पूर्वमा सूर्य विनायक, दक्षिणमा चोभारका कार्यविनायक, जल विनायक, पश्चिममा अशोक विनायक र उत्तरमा चन्द्रविनायक रहेका छन् । देवी शक्ति स्वरूपा पूर्वमा वज्रयोगिनी र सिधा दक्षिणमा फर्पिङ्ग दक्षिणकाली हुन् । दक्षिणकाली, गोरखकाली, मनोकामनादेखि जीउँदो देवी काठमाडौं शहरकी कुमारीको पूजा, जात्रा पर्व अहिले पनि सेना, सरकारी स्तरबाट हुँदै आएको छ, सबैको शिरभाग पशुपति र पूर्वोत्तर भाग आदिम दैवी शक्ति गुह्येश्वरी र शिवकी प्रेमिका गुह्येश्वरीलाई आफ्नै नजिक रहन आग्रह गरेपछि गुह्येश्वरी आर्यघाटमा वत्सलेश्वरीको रूपमा रहेकी छन् । पशुपति दर्शन पूर्व वत्सलाको दर्शन जरुरी हुन्छ र देवीका अन्य रूपहरू वनकाली, भूवनेश्वरी, जयवागेश्वरी र वत्सला पुत्रका रूपमा चावहिलको चन्द्रविनायक रहेका छन् भने आमा छोरा ढोग गराउने क्रममा हरेक वर्ष वत्सला जात्रा मनाउने गरिन्छ । नक्साल भगवती, शोभा भगवती काभ्रेकी चण्डेश्वरी र पलान्चोक देवीलाई दिदी बहिनीका रूपमा हेरिन्छ भने काठमाडौंमा रहेका नौदुर्गाको स्मरण सरकारी स्तरबाटै दशैंमा पूजा दर्शन आदि गर्ने चलन छ ।

पंक्तिकारले नेपालको चारधामको अवधारणा लिएको छ र नेपालको चारधाम र प्रसिद्ध मठ मन्दिर शीर्षकमा धेरै पहिले पुस्तक प्रकाशनमा ल्याएको हो । रुरुक्षेत्र, मुक्तिक्षेत्र, पशुपतिक्षेत्र र बाराहक्षेत्र नेपालका प्राचीन चार धाम हुन् । गोकर्णेश्वर मूर्ति मन्दिर स्वयम् सर्जक ब्रह्माजी निर्मित हो भने तिनैको नामले अहिले गोकर्णेश्वर नगरपालिका रहेको छ र भर्खरै सम्पन्न त्यहाँको नगरसभा उद्घाटन भइरहँदा पूर्वीय दर्शन वैदिक वन्दना गर्छुभन्दा मित्र प्रशासकीय अधिकृतले संविधानले धर्म निरपेक्ष भनेको छ, यसो गर्न नमिल्ला भने, कस्तो अचम्म जुन ठाउँको नाम जसको नामबाट बजेट सन्चालन हुन्छ, त्यसको वन्दना गर्न नहुने संविधान बनाएछन् यहाँ संविधानविद्हरूले । उत्तरतिर बूढानीलकण्ठकै नामले नगरपालिका रहेको छ भने चामुण्डा, गोकर्णेश्वर, अर्घौतेश्वर, भैरवेश्वर, सर्वेश्वर, आशापुरेश्वर, वीरभद्र कुण्ड, रुद्रेश्वर, रामेश्वर लगायतका स्थानीय देव देवी पीठको क्षेत्रलाई समायोजन गरी स्थानीय चारधामको अवधाराणा ल्याएको र साधकहरू बसे रहेका साधना गरेका स्थान नै धाम वा तीर्थ हुने र भारतका चारधामको स्थापनाको श्रेय स्वयम् शिवस्वरूप आद्यगुरु शकराचार्यलाई गएको छ ।

विस्तारै जीवन बलवान हुनबाट रोकिँदै जाने, खल्ती पनि सुक्दै जाने, उमेरले घर नै परदेश हुने अवस्था आउने हुँदा मनभित्र नै देवता देख्नुपर्ने र बूढ्यौलीमा विकल्प भनेको मठ मन्दिर नै हो । देशमा घरभन्दा बढी मन्दिर रहेको कुरा त हामीले बचपनमै पढेका हौं । हामीसँग यत्रतत्र मठ मन्दिर भएकाले हामीले टाढा देउता खोज्नु पर्ने हुन्न । महाकवि देवकोटाले पनि भनेका थिए देवता आफैंसँग छन् भनेर । मठ मन्दिरलाई जीवन्त राख्न जरुरी छ, ठेक्कापट्टामा मठ मन्दिरलाई राखियो भने व्यापार वा व्यवसाय हुन्छ, त्यस्तो क्षेत्रमा देवता भएका भए पनि भाग्छन् । शास्त्रले श्रद्धा र विश्वासलाई नै शिव र शक्ति भनेको छ । काठमाडौं मात्रै होइन देशैभरि दैवी शक्ति रहेको छ र तिनको संरक्षणले नै संसारको मन हामी यता आकृष्ट गर्न सक्छौं । काठमाडौंमै रहेको प्रसिद्ध स्वयम्भु, चारुमती चैत्य अनि विशाल बौद्ध स्तुप अनि लुम्बिनीको विशालता शब्दले वर्णन गर्न कठिन छ । देशले धर्म निरपेक्षको शाब्दिक अर्थ बुझेको छैन र हाम्रो संरक्षण पनि गर्न नजानेको महसुस भइरहेको छ ।

## कविता : तिजको लहर



अच्युतमान सिंह प्रधान 'उत्सुक'

हिन्दु नारीहरूको महान् चाड हो, तिज ।
चिनिन्छ यसलाई 'हरितालिका' नामले पनि ।
बस्छिन् व्रत, विवाहिता अनि अविवाहिता नारीहरू ।
बस्छिन् व्रत, विवहिता नारीहरू,
आफ्नो पतिको लामो आयु र सुस्वास्थ्यको कामना गर्दै ।
बस्छिन् व्रत अविवाहिता नारीहरू,
आफ्नो उज्वल भविष्य अनि योग्य वर पाउने मनोकामना लिई ।
गाउँछिन् तिजमा, चेलीको वेदनाले भरिएको गीत ।
नाँच्छिन् तिजमा, आफ्नो दुःख पीडालाई एक दिन भुली ।
कति कठोर व्रत बस्छ्यौ नारी तिमी,
अनि बस्छिन् निराधार व्रत दिन भर,
भोकै पेट अनि पानीको एक थोपा मुखमा पनि नराखीकन ।
गर्छिन् आराधना भगवान् शिवको ।
सपरिवारको सुस्वास्थ्य र समृद्धिको लागि ।
कति महान् छ्यौ, नारी तिमी ।
अनि कोमल मन कि खानी हौ, नारी तिमी ।
सन्मान छ, सम्पूर्ण नारी जातीलाई दुई हात जोडी ।
सम्पूर्ण नारीहरूलाई छ, तिजको हार्दिक शुभकामना !

## कविता

### तिम्रो ओठको चुम्बन मिठो मदिरा लाग्दछ



डा.सुमनकुमार रेग्मी

(१)
तिम्रो ओठको चुम्बन मिठो मदिरा लाग्दछ ।
तिमी मेरी प्राण प्यारी भएको लाग्छ ॥

(२)
हाम्रो जीन्दगीको सफर अचम्म लाग्दछ ।
म तिमीलाई सँधै प्यार गरेको लाग्दछ ॥

(३)
एक दिन हामी अंगालोमा रहेको लाग्दछ ।
त्यसपछि तिम्रो हाम्रो जीवन शुरु लाग्दछ ॥

# शहरबाट काकालाई पत्र !

खुला-पत्र



■ खिमराज गिरी

*आदरणीय काका,*

यो राजधानीवासी भतिजको प्रणाम ! हुन त, नेपालमा गणतान्त्रिक शासन व्यवस्था छ । पहिला हजुरहरूको पालामा भन्दा अहिले परिवर्तनका रेखाहरू धेरै नै कोरिएको अवस्था छ । विश्व नै एउटा साँघुरो परिवेश भएको वर्तमान अवस्थामा एक कल फोन गरेको भएपनि हुन्थ्यो, किन पत्र लेख्नुपरेको भन्नुहोला । आजकल फोनमा न कुरा बुझिन्छ न त, मनका तीता मीठा कुराहरू पोख्न नै पाइन्छ, एन.टि.सि.मा फोन गरौं त अझै भत्केका टावरले काम नदिने अनि एनसेल फोन प्रयोग गर्न मेरो स्वाभिमानले दिदैन काका ! किनकी राष्ट्रको लागि तिर्नुपर्ने कर करिव ७२ अरब रुपैयाँ नतिरेकोले हामी धेरै जनाले यो एनसेल फोन नै प्रयोग गर्न छोड्यौं । त्यसैले यो पत्र लेख्दैछु ।

काका, केही दिन अगाडि हर्के भाई विदेश जान भनेर काठमाडौं आएर मलाई गाउँ घरतिरको सबै हाल खबर सुनाएको थियो । एक हिसाबबाट खुशि लाग्यो किनकि आजभोली त गाउँघर पनि ज्यादै रमाइलो छ अरे ! सहरिया भई टोपलिएको सधैं अस्तव्यस्त अनि अव्यवस्थित शहरमा रमाउने यो भतिज गाउँ घरतिर नआएको पनि धेरै भयो । अर्कोतर्फ ज्यादै दुखित छु काका ! किनकी, आजभोली युवाको विदेश जाने लहरले गाउँघर त रित्तियो नै शहरको हालत पनि त्यस्तै छ । प्लस टु पढाई सकिएपछि सारा युवालाई अस्ट्रेलिया, अमेरिका, क्यानडा, जापान तथा अन्य देशले तानेको छ । पल्लाघरको धनशेर त विदेश गयो भने म किन नजाने भन्ने आदत नै बसेको छ । तथापि यही देशमा बसेर केही गरौं भन्ने युवाहरूको भावनामा राजनीतिक दाउपेचको खिचातानीको ब्रेक लागेको छ । भ्रष्टाचारको रोगले सताएको छ । नीति छ तर, नेतृत्वको नैतिकतामा कमी छ । निश्चल, निश्कपट मनका भावनाहरूमा नैराश्यताको बादलले ढाकिदिएको छ अनि युवा पलायन नहुन पनि कसरी ?

हजुरले पनि एक पटक काठमाडौं घुम्न आउने रहर गर्नुभएको रहेछ, यहाँ आउनुभन्दा अगाडि यहाँको बारेमा केही कुराहरू पत्रमा जानकारी गराउन गैरहेको छु । काका, संसारका प्रायः देशका राजधानी शहरहरू व्यवस्थित नै हुन्छन् । मानिसहरूले सभ्यताको खोल ओढेकै हुन्छन् । नीति नियमहरू कडा हुन्छन् । प्रत्येक मानिसहरू नैतिक धरातलमा अडिएर आफ्नो दिनचर्या अगाडि बढाइरहेका हुन्छन् । तर, यो हाम्रो देशको राजधानी शहरमा त अचम्मको संस्कार छ ! यहाँका प्रायः मानिसहरू सभ्यताको खोल ओढेर असभ्यताको परिचय दिइरहेका छन् । कि त भ्रष्टाचार गरेर कमाएको सम्पत्ति, कि गाउँ घरको झिटी झाम्टो बेचेर काठमाडौंमा दुई/चार आनाको जग्गामा वल्ल तल्ल जीवनभरको कमाई एउटा घरमा थुपारेको अहमंता यहाँका मानिसहरूमा देख्न पाइन्छ ।

पहिला पहिला गाउँघरमा बाघ-भालुलगाएत अन्य जंगली जनावरहरूको डर र त्रासले जनजीवन भयभीत हुने गर्दथ्यो तर, यो राजधानी शहरमा त मानिस-मानिस बीचमा नै त्रासको वातावरण पैदा हुने गर्दछ । यहाँ त दिउँसै नारीमाथिको अस्तित्व लुटिएको छ । चोरी तथा डकैतिका घटनाहरू दिन दाहाडै देख्नमा र सुन्नमा आउँछन् । 'जिउँदाको जन्ती न मर्दाको मलामी' भने जस्तो कुनै व्यक्ति विशेषले न कसैलाई सहयोग दिन चाहान्छन् न त लिन नै । जताततै महँगीको मार, सरकारी कार्यालय तथा वित्तीय संस्थाहरूमा खुलम खुला घुस लेनदेनको कारोबार, यातायातको बढ्दो चाप, राजधानीमा बसोबास गरेमा स्वर्ग जान पाइन्छ भन्ने जस्ता मानसिकताले गर्दा मापदण्ड विपरित बनाइएका अव्यवस्थित घर-टहराहरू तथा साँघुरा गल्ली सडकहरू, पानी र बत्तिको समस्या, वातावरणीय प्रदुषण, देशका विभिन्न भागबाट थुपरिएका संस्कृतिको मिश्रण, विदेशीने रहरले दलालमार्फत ठगीएर घर न घाट भई बसेका कयौं व्यक्तिहरूको कथा व्यथा, आदि इत्यादी कुराहरूले काठमाडौं शहरको जनजीवन अस्तव्यस्त भइरहेको छ ।

काका, गाउँघरमा त अब एक छाक खान र एकसरो लुगा लगाउनमा कुनै समस्या छैन तर, यो राजधानी शहरमा त बिहान खाऊँ, बेलुका के खाऊँ भन्नुपर्ने स्थिति आइसकेको छ । गाउँ घरमा त दुई चार भारी दाउरा भयो भने एक डेड महिनाको लागि खाना पकाउन पुग्छ तर यहाँ त दिनानु दिनको महँगीको मार अनि ग्याँसको अभावले गर्दा चाउचाउ र चाउमिनको भरमा गुजारा गर्नुपर्ने स्थिति आएको छ । काका ! बाल्यकालको जिन्दगी टुकी बत्तिमा बित्यो र सहरिया जिन्दगीको आनन्द पनि बाध्यताबस् टुकी बत्ती नै भएको थियो तर, अहिले एकादेशको कथा जस्तो गरी केही समाज सुधारक व्यक्तिको जन्म यो धरतीमा भएकाले नै होला आजभोली पहिलाजसरी शहरको गल्ली गल्लीमा गाउँघरको जस्तो जुनकिरीको उज्यालो खोज्नुपर्दैन ।

